## त्रि.अ.वि. ने.ना.उ.कार्यालयको स्वामित्वमा रही नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लि.बाट संचालित **Air Cargo Building** बाट आयात तथा निर्यात गरिने माल सामानहरुको कार्गो प्रवन्ध शुल्क बृद्धि सम्वन्धी अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति :२०७६/११/२८**

विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को (पाँचौ संशोधन) को अनुसूची-८ (८) बमोजिम "यस अनुसूचीमा उल्लेख गरिएको मालसामान (कार्गो) प्रवन्ध सेवा दस्तुरहरु प्रत्येक दुई/दुई वर्षमा १०% (प्रतिशत) का दरले स्वतः वृद्धि हुनेछ" भनि उल्लेख भए वमोजिम नेपाल नागरिक उड्डयन प्राधिकरणको प.सं.२०७६/७७ च.नं ७१ मिति २०७६/११/२३ को पत्रबाट शुल्क वृद्धि गरी मिति ०७६/१२/४ देखि लागू हुने गरि असुल गर्न पत्राचार भए अनुसार विमानस्थल दस्तुर नियमावली २०६७ को उक्त अनुसूचीमा उल्लेख भएको दररेटमा दश प्रतिशत वृद्धि गरि देहाय अनुसारको दररेटमा कार्गो प्रवन्ध सेवा दस्तुर उठाउने हुँदा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यसमा सबै सरोकारवाला निकायहरुको सदा झैं सहयोगको अपेक्षा गरिएको छ।

**मालसामान (कार्गो) प्रबन्ध सेवा दस्तुर**

| सि.नं. | मालसामानको प्रकृति | निर्यात गर्दा | आयात गर्दा |
|---|---|---|---|
| १ | साधारण | प्रति के.जी. एक रुपैयाँ दश पैसा वा दुई सय बीस रुपैयाँ मध्ये जुन बढी हुन्छ। | प्रति के.जी. पाँच रुपैयाँ अठासी पैसा वा एक सय दश रुपैयाँ मध्ये जुन बढी हुन्छ। |
| २ | बहुमूल्य | प्रति के.जी. दुई रुपैयाँ पचहत्तर पैसा वा दुई सय पचहत्तर रुपैयाँ मध्ये जुन बढी हुन्छ। | प्रति के.जी. आठ रुपैयाँ असी पैसा वा दुई सय बीस रुपैयाँ मध्ये जुन बढी हुन्छ। |
| ३ | नाशवान | प्रति के.जी. दुई रुपैयाँ बीस पैसा वा दुई सय बीस रुपैयाँ मध्ये जुन बढी हुन्छ। | प्रति के.जी. आठ रुपैयाँ असी पैसा वा दुई सय बीस रुपैयाँ मध्ये जुन बढी हुन्छ। |
| ४ | खतराजन्य | प्रति के.जी. पाँच रुपैयाँ पचास पैसा वा पाँच सय पचास रुपैयाँ मध्ये जुन बढी हुन्छ। | प्रति के.जी. सत्र रुपैयाँ साठी पैसा वा चार सय चालीस रुपैया मध्ये जुन बढी हुन्छ। |
| ५ | एक्सप्रेस कुरियर व्याग र एक्सप्रेस कुरियर पार्सल र एक्सप्रेस कार्गो | प्रति के.जी. पाँच रुपैयाँ पचास पैसा वा एक सय दश रुपैयाँ मध्ये जुन बढी हुन्छ। | प्रति के.जी. पाँच रुपैयाँ पचास पैसा वा दुई सय बीस रुपैयाँ मध्ये जुन बढी हुन्छ। |
| ६ | जीवित जनावर आयात वा निर्यात गर्दा वहुमूल्य मालसामान आयात वा निर्यात गर्दा लाग्ने दस्तुरको दोब्बर दस्तुर | | |

**द्रष्टव्य :**

१) खण्ड (क) मा उल्लिखित मालसामानको वर्गीकरण अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनले मान्यता दिएको मालसामानको हवाई ढुवानीको महशुल सम्वन्धी नियमावली (एयर कार्गो ट्यारिफ रुल्स) बमोजिम हुनेछ।

२) प्यालेटाईजेशन तथा डि-प्यालेटाईजेशन गर्नु परेमा प्रति टन पचपन्न रुपैयाँ थप दस्तुर लाग्नेछ।

३) मालसामान धनीको अनुरोधमा कार्यालयको अतिरिक्त समय र विदाको दिनमा मालसामान प्रवन्ध गर्नुपरेमा प्रति पुलिन्दा (कन्साईनमेण्ट) दुई सय बीस रुपैयाँ थप दस्तुर लाग्नेछ।

४) निर्यात गर्दा पहिलो पहिलो सात दिनसम्मको लागि डिमरेज दस्तुर लाग्ने छैन। सो अवधि पछि तीस दिनसम्म प्रति के.जी. बयासी पैसा र एकतीसौं दिन देखि साठी दिनसम्म प्रति के.जी. एक रुपैयाँ बयानब्बे पैसा डिमरेज शुल्क लाग्नेछ।

५) आयात गर्दा पहिलो सात कार्य दिनसम्म डिमरेज दस्तुर लाग्ने छैन। सो अवधि पछि तीस दिनसम्म प्रति के.जी दुई रुपैयाँ बीस पैसा र एकतीसौं दिनदेखि साठी दिनसम्म प्रति के.जी. दुई रुपैयाँ पचहत्तर पैसाका दरले डिमरेज शुल्क लाग्नेछ। तर छुट दिईएको अवधिभित्र मालसामान नलगेमा त्यस्तो मालसामान प्राप्त भएको मितिदेखि नै डिमरेज शुल्क लाग्नेछ।

६) गोदाम भित्र तौल गर्दा साविकमा देखाईएको भन्दा बढी तौल भएमा लाग्ने दस्तुरको दोब्बर दस्तुर लाग्नेछ।

७) विदेशबाट नेपालमा वा नेपालबाट विदेशमा मानव अवशेष ल्याउने लैजाने सिलसिलामा सोको प्रवन्ध गरे वापत कुनै दस्तुर लाग्ने छैन।

८) यस अनुसूचीमा उल्लेख गरिएको मालसामान (कार्गो) प्रवन्ध सेवा दस्तूरहरु प्रत्येक दुई दुई वर्षमा १० प्रतिशतका दरले स्वतः वृद्धि हुनेछ।